शहरी विकास मन्त्रालयलबाट आगामी आ.व. ०८२।८३ मा सम्पादन हुने प्रमुख कार्य र सेवाहरु सम्बन्धी Press Note

यस मन्त्रालयले आगामी आ.व. २०८२/८३ मा सम्पादन गर्ने मुख्य मुख्य कार्यहरूका विषयमा जानकारी दिने र यस सम्बन्धमा कुनै अस्पष्टता भएमा थप प्रष्ट पार्ने उद्देश्यले यो कार्यक्रम गरिएको हो ।

२१औं शताब्दिमा लुकाएर हैन देखाएर विश्वास जितिन्छ भन्ने सूचना पारदर्शिताको सिद्धान्तले सूचनालाई शक्ति भनिन्छ । लोकतान्त्रिक शासन व्यवस्था अन्तर्गत रहेका हामी पारदर्शितामा विश्वास गर्दछौं । हामी सवैको साझा र एकमात्र उद्देश्य राष्ट्रहित नै हो । यदाकदा सही सूचना संम्प्रेषणको अभावमा सूचना प्रवाह हुँदा केही अप्ठ्यारो अवस्थाको सृजना पनि हुन जान्छ । त्यसैले हामीहरू यथार्थतामा आधारित भएर सही सूचना संप्रेषणमा सचेत रहनु पर्छ । प्रशासकिय जिम्मेवारीमा रहेकाहरुले सूचना उपलब्ध गराउनु पर्दा विभिन्न प्रकारका प्रकृया पुऱ्याउनु पर्ने कार्यविधिगत झन्झटले गर्दा यहाँहरूले चाहेको सूचना चाहेको समयमा प्राप्त गर्न केहि ढिला भएको हुनसक्छ, त्यसमा यहाँहरूले धैर्यता राखिदिनु पर्दछ र राखु भएको छ भन्ने मन्त्रालयले विश्वास लिएको छ ।

अव म यहाँहरूलाई आ.व. २०८२/८३ मा यस मन्त्रालयले सञ्चालन गर्ने मुख्य मुख्य कार्यक्रमहरूको वारेमा जानकारी गराउन चाहन्छु ।

- २०० वटा नयाँ झोलुङ्गे पुल निर्माण हुने ।
- १०० वटा झोलुङ्गे पुल मर्मत हुने ।
- ४० वटा नयाँ सडक पुल निर्माण हुने ।
- ३० वटा सडक पुल मर्मत हुने ।
- २४९ वटा सिचाई आयोजना सम्पन्न भई ३७०० हेक्टर जमिन सिंचित हुने।
- १०० कि.मि. सडक निर्माण र ३०० कि.मि. सडक कालोपत्रे हुने ।
- ६० वटा_स्थानीय तहका प्रशासकीय भवन निर्माण हुने ।

- उपत्यकाका नदि, खोला करिडरमा १० कि.मि. सडक स्तरोन्नति गरिने ।
- उपत्यकाका विभिन्न २६ स्थानमा सार्वजनिक जग्गा संरक्षण तथा पार्क निर्माण गर्ने ।
- उपत्यकाका ४ स्थान- जितपुर फेदि, डुकुछाप, इशान नयाशहर, ताथबी चलाबु मा जग्गा एकिकरणको भौतिक विकास योजना स्विकृति भई जग्गा विकास कार्य सुरु गर्ने ।
- सार्वजनिक जग्गा अतिक्रमण रोक्ने र अवैध संरचना हटाउनेलाई कार्य प्राथमिकताका साथ अधि बढाउने।
- उपत्यकाको ब्यवस्थित शहरीकरणका लागि हरियाली प्रवर्दन, सचेतना, आकासे पानी संकलन, वन तथा पोखरी संरक्षण गरिने ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- स्वीकृत गुरुयोजना बमोजिम कीर्तिपुर क्रिकेट मैदानमा अन्तर्राष्ट्रिय मापदण्डको स्टेडियमको दोस्रो चरणको निर्माण कार्य सुरु गर्ने ।
- सिंहदरबार परिसरको स्वीकृत गुरुयोजना कार्यान्वयन अन्तर्गत शहरी विकास मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयको भवन निर्माण कार्य सुरु गर्ने ।
- अतिविशिष्ट पदाधिकारीज्युहरुको आवास निर्माण कार्य अन्तर्गत सम्माननीय सभामुख आवास निर्माण र सम्माननीय प्रधानन्यायाधीश आवास निर्माण कार्य सुरु गर्ने ।

- भृकुटीमण्डपमा अन्तरास्ट्रिय स्तरको प्रदर्शनी स्थल तथा मनोरंजन पार्क निर्माण कार्य अघि बढाइने ।
- काठमाडौ शंखरापुर नगरपालिकामा जहरसिंह पौवा स्टेडियम निर्माण शुरु हुने ।
- काठमाडौ शंखरापुर नगरपालिकामा गणेशमान सिंह पार्क निर्माण शुरु हुने ।
- काठमाडौं, नयाँ वानेश्वोर क्षेत्रको सौन्दर्यीकरण गरिने ।
- कान्ति बाल अस्पतालको भवन पुनर्निर्माण सुरु गर्ने ।
- श्री महल भवनको पुर्ननिर्माण कार्य शुरु गर्ने ।
- नवलपुर जिल्लामा संघीय सरकारी कार्यालय भवन निर्माण एवं सम्बन्धित अन्य पूर्वाधार निर्माण गर्ने कार्य निरन्तर रुपमा अघि बढाइने ।
- राष्ट्रिय किताबखाना र मानव अधिकार आयोगको भवन निर्माण कार्य शुरु हुने ।
- संघीय संसद भवन निर्माण, इन्टेरियर सहित कार्य अन्तिम चरंणमा हुने ।
- थप ३८ वटा नगरपालिकामा ६७२ कि.मि सडक निर्माण तथा स्तरोन्नति सहित बसपार्क, सार्वजनिक पार्क, बजार केन्द्र, बहुउद्देशीय हल, शासकीय भवन निर्माण कार्य गरी एकिकृत शहरी पूर्वाधार निर्माण हुने ।

- वागमती नदीमा सौन्दर्यकरण कार्य निरन्तर हुने ।
- टुकुचा फोहरपानी प्रशोधन केन्द्र डिजाइन र निर्माण कार्य निर्माण कार्य ५० प्रतिशत सम्पन्न हुने ।
- वागमती तथा यसका सहायक नदीहरुमा २.५ कि. मी. नदी तटबन्ध कार्य सम्पन्न हुने ।
- U.N पार्क क्षेत्रमा सौन्दर्यीकरण तथा वातावरणीय सुधार सम्वन्धी निर्माण कार्य अगाडि बढाईने ।
- बागमती करिडोरको बल्खु देखी गोकर्ण क्षेत्र भित्र सीसी क्यामेरा र स्ट्रीटलाइट जडान कार्य तथा उत्तरगया / गोकर्णेश्वर मन्दिर परिसरमा उच्च मास लाइट सहित निर्माण कार्य अगाडि बढाईने ।
- धोवी खोला र विष्णुमति खोलाको करिडोरमा ढल प्रणाली सुदृणीकरण, सडक निर्माण, नदी नियन्त्रण ,नदी
- सफाई (Dredging) तथा वातावरणीय सुधार सम्वन्धि निर्माण कार्य अगाडि बढाईने ।

- वागमती, बिष्णुमती, मनोहरा र नख्खु खोलामा २०८१ सालको बाढीबाट क्षतिग्रस्त संरचना पुनःनिर्माण कार्य अगाडि बढाईने ।
- ऐतिहासिक मठमन्दिर पाटी पौवाको पूनः निर्माण तथा जिर्णोधार, मर्मत सुधार गरिने ।
- उपत्यकाका नदि, खोलाको नदि सफाई कार्य अगाडि बढाइने ।

  - फोहोरमैला व्यबस्थापन सम्बन्धी बिधेयक
  - शहरी विकास विधेयक
  - नगर विकास कोष सम्बन्धी विधेयक
  - बाग्मती सभ्यता सम्बन्धी बिधेयक
  - बस्ती विकास सम्बन्धी बिधेयक

  तथा उल्लेखित बिधेयक सम्बन्धी नियमावली तयारीको क्रममा रहेको ।

अन्त्यमा, छोटो सूचनामा यहाँहरूको उपस्थिति र सक्रिय सहभागिताको निमित्त सिंगो मन्त्रालयको तर्फबाट र मन्त्रालयको प्रवक्ताको व्यक्तिगत तर्फबाट यहाँहरू सवैमा कृतज्ञता ज्ञापन गर्दछु, धन्यवाद ।

मितिः २०८२ असार १८ बुधवार

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं